नेपाल सरकार
ऊर्जा मन्त्रालय
विद्युत विकास विभाग
अनुमतिपत्र महाशाखा
(...........................................................)

फोन नं. ४४७४८५२, ४४८०२७
४४७८०८५, ४४८०३२
४४८०४२५, ४४९६८०
४४८१६१४, ४४७६१९०
फ्याक्स (९७७-१)-४४८०२५
पोष्ट बक्स नं. २५०७
थापागाउँ, अनामनगर
काठमाडौं, नेपाल

पत्र संख्या : ०७४/७५
च.नं.:- ११३६

मिति:२०७४/११/०६

**विषयः-** बुढीगण्डकी ख ज.वि.आ.को विद्युत उत्पादन अनुमतिपत्रको दरखास्त बारे ।

श्री नौलो नेपाल हाइड्रोइलेक्ट्रिक प्रा. लि.
रानीवारी, पानीपोखरी, महाराजगंज, काठमाडौं, नेपाल
फोनः नं.: ०१-४४२८२९९

प्रस्तुत बुढीगण्डकी ख ज.वि.आ.को विद्युत उत्पादनको अनुमतिपत्रको दरखास्त माथि कारवाहीको क्रममा यस विभागबाट विभिन्न समयमा विद्युत नियमावली, २०५० को दफा १२ र विद्युत आयोजनाको अनुमतिपत्र सम्बन्धी निर्देशिका, २०७३ को दफा ६ वमोजिम कागजात/विवरणहरु माग गरिएकोमा पछिल्लो पटक मिति २०७४/०५/०५ (च.नं. २२३, प.स. २०७४/७५ अ.प.) मा नपुग विवरण/कागजातहरु माग गरिएको र मिति २०७४/०८/०३ (च.नं. ७०८, प.स. ०७४/७५ अ.प.)मा उक्त कागजात/विवरणहरु पूर्ण रुपमा पेश नभएकाले स्पस्टिकरण पेश गर्न पत्राचार गरिएको थियो । उक्त माग गरिएको कागजात/विवरणहरु हाल सम्म पूर्ण रुपमा के-कति कारणले पेश नगरिएको हो? उक्त सम्पूर्ण विवरणहरु सात (७) दिन भित्र पेश गर्न र प्राकृतिक न्यायको सिद्धान्त अनुसार सात दिन भित्र सफाई पेश गर्न र उक्त समयावधि भित्र सम्पूर्ण विवरणहरु पेश नभएमा वा सफाई/स्पस्टिकरण पेश नभएमा वा चित्तबुझ्दो नभएमा अनुमतिपत्रको दरखास्त रद्द गरिने व्यहोरा ऊर्जा मन्त्रालय (सचिवस्तर)को मिति २०७४/११/०३ को निर्णयानुसार जानकारी गराईन्छ ।

पूर्ण रुपमा पेश हुन बाँकी रहेका कागजात/विवरणहरु निम्नानुसार छन् ।

१. कम्पनी रजिस्ट्रारको कार्यालयबाट जारी गरिने कम्पनी अध्यावधिक भएको पत्र (पछिल्लो वर्ष भित्र जारी भएको)
२. कम्पनीको अध्यावधिक शेयर लगत अभिलेख र सोको soft copy (पछिल्लो वर्ष भित्र जारी भएको )
३. जडित क्षमता वमोजिमको उद्योग दर्ताको प्रमाण पत्र (वैदेशिक लगानीको हकमा सोको स्वीकृति समेत)
४. बहाल रहेको विद्युत् खरीद बिक्रीको सम्झौता पत्र वा कनेक्शन एग्रीमेन्ट वा विद्युत् खरीद बिक्रीको आशयपत्र
५. आयोजनामा हुने स्वपूंजी र ऋणको अनुपात खुल्ने जानकारी
६. स्वपूंजी लगानी गर्ने क्षमता पुष्टी हुने कागजातको हकमा आवश्यक शेयर पूंजीलाई पुग्ने गरी प्रवर्द्धक कम्पनीमा कायम रहेका शेयर होल्डरहरुको चार्टर्ड एकाउन्टेन्टबाट प्रमाणित Cumulative Net Worth तथा आवश्यकतानुसार तल उल्लेखित विवरण
क) आयोजनामा इक्विटी लगानी गर्ने सम्बन्धमा शेयर होल्डरहरु बीच भएको सम्झौता
ख) कुनै शेयर होल्डरले लिन कबुल गरेको शेयर बराबरको निजको नेट वर्थ नभएको अवस्थामा उक्त शेयर होल्डरको शेयरमा समेत अन्य शेयर होल्डरहरुले आवश्यक परेमा आयोजनामा इक्विटी लगानी गर्ने सम्बन्धमा शेयर होल्डरहरुबीच भएको सम्झौता
७. आयोजनामा प्रत्यक्ष रूपले सहभागी हुने वित्तीय संस्थाहरुसँगको ऋण सम्झौता वा ती संस्थाहरुबाट पेश भएको लगानी गर्ने प्रतिबद्धता (अघिल्लो वर्ष भित्र जारी गरिएको पत्र)

नेपाल सरकार
ऊर्जा मन्त्रालय
# विद्युत विकास विभाग
(अनुमतिपत्र महाशाखा)

फोन नं. ४४७४८५२, ४४८०२७६
४४७८०८५, ४४८०३२६
४४८०४२५, ४४९६८००
४४८१६१४, ४४७६११०

फ्याक्स (९७७-१)-४४८०२५७
पोष्ट बक्स नं. २५०७
थापागाउँ, अनामनगर
काठमाडौं, नेपाल

पत्र संख्या :०७४/७५

मितिः ...............................

विषयः-

८. यदि प्रवर्द्धक कम्पनीले वा सो कम्पनीका शेयर होल्डरहरुले यसअघि उत्पादन अनुमतिपत्र प्राप्त गरी कुनै विद्युत आयोजनामा लगानीको लागि सहभागि भैसकेको भए शुरुको र प्रस्तावित आयोजनालाई खाम्ने गरी Net worth पेश गर्नु पर्ने

(सकृय न्यौपाने)
इन्जिनियर

बोधार्थः
श्रीमान सचिवज्यू, ऊर्जा मन्त्रालय ।
श्रीमान महानिर्देशकज्यू, विद्युत विकास विभाग ।